# ६ सक्रिय वा जागरुत बनाउने विश्वास तथा आस्था

*यस अध्यायका मूल पदहरू:* याकूब २:१४-२६, रोमी ३:२७,२८, तितस २:१४, २ कोरन्थी ४:२, रोमी ४:१-५, यहोशू २:१-२१।

*स्मरण गर्नुपर्ने पद:* **"प्राण बिनाको शरीर मुर्दा हो। त्यसै गरि असल काम बिनाको आस्था वा विश्वास पनि मूर्दा आस्था हो।" (याकूब २:२६ रूपान्तरित)।**

**एक जना प्रतिष्ठित र सफल डाक्टर थियो। सयौं सदस्यहरू भएको चर्चको पनि उनी अगुवा अर्थात् एल्डर थियो।** चर्चका ठूला ठूला योजनाहरूलाई सहयोग गर्न उसले उल्लेखनीय सहयोग गरेको थियो। चर्चलाई उसले दिएको चन्दाले गर्दा अरू धेरै उत्साहित भएका थिए र तिनीहरूले पनि पैसा दिएर चर्चलाई सहयोग गरेका थिए। त्यो डाक्टर प्रभावशाली प्रचारक पनि थियो। जब चर्चको पास्टर चर्चको काममा बाहिर जान्थे तब उपरोक्ट पास्टरको ठाउँमा उसले प्रचार गर्दथ्यो। उसको सन्देश सुन्न सबै जना उत्सुक हुन्थे। उसले बोलेको वचनमा गहिऱ्याइ थियो, साथै मार्मिक र अध्यात्मिक थियो।

तब एक दिन यस्तो अप्रिय घट्ना घट्यो जसले त्यस डाक्टरको भन्दाफोर भयो। एक शाबथ ऊ चर्चमा आएन। कतिले भन्ठाने ऊ छुट्टीमा वा कुनै अपर्झत काममा गएकोले चर्च आएनि। तर पछि यो समाचार आयो की उसको मृत्यु भयो। समुद्रको किनारामा रहेको उसको घरमा उसालाई मरिरहेको अवस्थामा भेट्टाइयो भन्ने दुःखद समाचार सबैजनाको कानमा पुग्यो। जब दुःख मनाउ गर्न मानिसहरू उसको घरमा पुगे त उसको मृत्युको कारण अत्यधिक लागु पर्दार्थको सेवनले भएको रहेछ भनेर थाहा पाए।

उसको मृत्युको कारणले गर्दा अझ ठूलो धक्का उसको अर्को चर्तिकला थाहा पाउँदा भयो। उसको सुत्ने कोठामा धेरै अश्लिल भिडियो र पत्रिकाहरू भेट्टाउँदा सबै जना चकित भए। उसको मृत्युको कारणलाई लिएर चर्चले ठूलो दुःख प्रकट गऱ्यो।  तर सबभन्दा ठूलो चोत त त्यस चर्चका युवायुवतीहरूमा परेको थियो। किनभने सबैले

उसलाई एक अनुकरणीय उदाहरणको रूपमा लिएका थिए। ऊ सबैको आँखाका नानी भएको थियो। त्यस घट्नाको विस्तृत न्याय वा मूल्याङकन परमेश्वरको हातमा छोड्नुपर्छ नै। तर उक्त डाक्टरको क्रियाकलापले परमेश्वरमाथिको उसको आस्था साँच्चिकै थियो त भन्ने कुरामा सबै जना अचम्म मान्न वाध्य हुन पुगेका थिए।

निचोडमा त्यस कथाको अर्थ के हो त? हामीहरू परमेश्वरमाथि विश्वास गरेर मुक्ति पाउँछौं भन्ने कुरामा कोही पनि दुईमत छैन। तर सही इसाई जीवनमा आस्था वा विश्वास र सक्रिय आचरणलाई अलग गर्न सकिन्दैन। बोलीवचनमा कामपनि मिल्नुपर्छ भन्ने त अत्यन्त उल्लेखनीय कुरो हो। तर यसलाई लिएर कतिपयले याकूबको पुस्तक पढ्दा उनलाई गलत सम्झेको पाइएको छ।

## १ मरेको विश्वास (याकूब २:१४)

**मुक्ति विश्वासद्वारा मात्र पाइन्छ भन्ने पावलको भनाईसँग याकूब २:१४लाई कसरी बुझ्ने? हेर्नुहोस् उपरोक्त पदसँग अरू पदहरू: याकूब २:१४ "मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र?", याकूब २:१५-१६ "यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।", रोमी ३:२७,२८ "तब हाम्रो घमण्ड कहाँ गयो? त्यसको त ठाउँ नै छैन। कुन सिद्धान्तमा यसो गर्ने त? यो कर्मको सिद्धान्तद्वारा हुने? कदाचित् होइन! यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ। २८ यसकारण व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं।" र एफिसी २:८,९ "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।"**

परमेश्वरमा विश्वास गर्छुचाहिँ भन्ने तर हात बाँधेर बस्ने, कस्तो खालको परमेश्वरमाथिको आस्था हो? यस्तो खालको आस्था केवल देखावटीमात्र हो भनेर याकूबले भन्दाफोर गर्दछन्। फेरि परमेश्वरको कुरा मान्नु भनेको उहाँसँगको सम्बन्धमा पनि भर पर्छ भनेर याकूबले यकिन गर्दछन्। उपरोक्त परिप्रेक्ष्यमा चर्चमा भएका भाइबहिनीहरूको आवश्यकतासँग कसरी सरोकारराख्ने त? बोलीवचनमात्र पर्याप्त छैन। दुखमनाउ गरेर "के गर्ने? सहनुहोस्। शान्त रहनुहोस्। परमेश्वरले तपाईलाई मद्दत गर्नुहुनेछ।" भनेर मिठो बोलीमात्र बोल्ने होइन रे यदि हामीसँग सहयोग गर्ने स्रोत छ भने?

हुनत, आवश्यकताहरूको सिमा हुँदैन। सबैको आवश्यकताहरूलाई हामीहरूले परिपूर्ती गर्न सक्दैनौं। तर "एक जनाले कमसेकम अर्को एकजनालाई सहयोग गर्नसक्ने सामर्थी" भन्ने नीति पनि छन् त! हामी येशूका हात र पाऊहरू हौं। त्यसकारण आफ्नो क्षमताले भ्यायसम्म कमसेकम एक जनाले अर्को एक जनालाई त सहायता गर्न सक्छ नी! येशूको नीतिमा पनि त्यही भएको पाउँछौं। उहाँले सामुहिकलाई भन्दा पनि व्यक्तिलाई सहयोग गर्नुभएको प्रयाजसो पाउँछौं। बिमारी छोरीको बाबुको अनुरोधमा येशू उसको घरमा जान्दै थियो। बाटोमा एक जना असक्त महिलाले उहाँको पछ्यौरा पछाडीबाट छोइन्। उनी निको भइन्। त्यत्रो हुलमुलमा उनी निकोभएर खुशियाली मनाउँदै उनी जान सक्थिन्। तर उनलाई शारीरिक चङ्गाइ भन्दा बढि आवश्यक भएको येशूले महसूस गर्नुभएको थियो। त्यसकारण उहाँ टक्क रोक्नुभयो र उक्त महिलालाई बोल्नुभयो ताकि उनी येशूको निम्ति गवाही हुन सकुन्। उनको शारीरिक र मानसिक अवस्थालाई सहयोग गरिसकेपछि उहाँले त्यही शब्द प्रयोग गर्नुभयो जुन् याकूब २:१६मा उल्लेख गरिएको छ "शान्तसँग जाऊ" (मर्कूस ५:३४ रूपान्तरित)।

जब अरूको आवश्यकता थाहा पाएर आफूले सकेको सहायता उसलाई गर्न सकेन भने हामीहरूको आस्थालाई प्रयोगमा ल्याउने अवसर हामीले गुमाएका हुन्छौं। अनि त्यस प्रकारको आचरणले हामीहरूको विश्वासलाई बिस्तारै कमजोर बनाउँछ अनि मन्द मन्द गर्दै मर्दै गर्छ। त्यो किनभने काम बिनाको विश्वास मरेको वा बेकारको विश्वास हो। याकूबले त ठोकुवा नै गर्छ निश्क्रिय विश्वास मूर्दा

विश्वास हो। यदि परमेश्वरमाथिको विश्वास जागरुत छ भने त्यहाँ विश्वासले काम गरिरहेको हुन्छ। यदि जागरुत विश्वास छ भनेर मुखले मात्र भन्छ कामबाट देखाएन भने त्यो विश्वासको के मतलब छ त? बिनाकामको विश्वास बेकारको छैन र भनेर याकूबले जिज्ञासा राख्छन्। त्यस विषयमा ग्रीक भाषाको अनुवादमा अझ कडा शब्द प्रयोग गरिएको छ, "त्यस्तो खालको विश्वासले उसलाई मुक्ति दिन सक्दैन, सक्छ र?" त्यसको स्पष्ट जवाफ याकूबले हामीबाट "अहँ" भएको अपेक्षा गरेको पाइन्छ।

**धर्मकर्मले हामीलाई मोक्ष दिन्छ भन्ने खालको जनमानसको धारणाबाट असहमती जनाउनुपर्ने परिप्रेक्ष्यमा परमेश्वरमाथि हामीहरूको विश्वास अगाढ छ भनेर कसरी देखाउने?**

## २ मुक्ति दिने विश्वास अर्थात् आस्था (याकूब २:१८)

**यदि हामीमा येशूले दिनुभएको मुक्ति विश्वासद्वारा पाएका छौं भनेर दाबी गर्छौं भने त्यो मुक्ति दिने विश्वास हाम्रो जीवनमा अहिले नै सक्रिय छ भनेर कसरी देखाउने? हेर्नुहोस् याकूब २:१८ "तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु।"**

सरल भाषामा याकूबले सहमत तथा असहमतको साधन प्रयोग गर्दछन्। विश्वास वा काम छ भने कुनै मानिस ठिकैसँग चलिरहेको हुन्छ भनेर कसैले तर्क गर्छन्। अर्थात् कोहीसँग विश्वासमात्र छ भने पनि ठिकै छ वा कोही असल काममात्र गऱ्यो भने पनि ठिकै छ। तर येशूका उपासकहरूले विश्वासमात्र गरेर ठिक हुन्दैन यदि त्यस विश्वासलाई कामद्वारा देखाइएन भने जिकिर याकूबको थियो। "काम विनाको तिम्रो विश्वास मलाई देखाऊ, म काम गरेर मेरो विश्वास तिमीलाई देखाउँछु" (याकूब २:१८ रूपान्तरित)।

अझ रोचक कुरो त यो छ, कुनै किसिमको विश्वासले मानिसलाई मुक्ति दिन्छ भन्ने छैन। तर सही आस्था वा विश्वास यदि कसैमा छ भने उसले आफ्नो असल कामद्वारा त्यो विश्वासलाई प्रदर्शन गर्दछ। त्यसरी नै कुनै असल काम कसैले गर्छ भने उसमा विश्वास

अर्थात् परमेश्वरमा आस्था भएकै कारणले गरेको हुन्छ। विश्वास वा आस्था र असल कामलाई छुट्टाछुट्टै राख्न सकिन्दैन। विश्वास र असली काम सिक्काको दुई पाटा हुन्। कुनै पनि सिक्काको मूल भाग हुन्छ वा शिर हुन्छ भने अर्को भाग पुछ्रार हुन्छ अर्थात् जब हामी कुनै पनि सिक्का हेर्छौं त्यसको मूख्य भागलाई पल्टाएर हेर्छौं, अनि अर्को भाग पनि छ कि भनेर हेर्छौं। पहिले विश्वास आउँछ अनि त्यसको पछि असली काम आउँछ।

**कतिपय मानिसहरू परमेश्वरलाई विश्वास गरे सबै थोक पाइन्छ, काम नगरी आनन्दसँग बसे पनि हुन्छ भन्ने गलत भावनाले जाकिएका हुन्छन्। तर विश्वास छ भने काम गरेर देखाउनुपर्छ भन्ने याकूबको जिकिरसँग पावल कसरी सहमत भएको छ हेर्नुहोस्ः एफिसी २:१० "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिँड्‌ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।", १ थेस्सोलिनिकी १:३ "हाम्रा परमेश्वर पिताको सामुन्ने हाम्रा प्रभु येशू ख्रीष्टमा तिमीहरूका विश्वासको काम, प्रेमको परिश्रम र आशाको धैर्य निरन्तर सम्झन्छौं।", १ तिमोथी ५:२५ "त्यसै गरी असल कामहरू त प्रत्यक्ष हुन्छन्, र जो प्रत्यक्ष छैनन्, ती पनि गुप्तमा रहन सक्दैनन्।" र तीतस २:१४ "ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।"**

असल कामप्रति पावलको असहमत थिएन। तर असल काम गरे स्वःत मुक्ति पाइन्छ भन्ने जनविश्वासप्रति उनको घोर असहमत थियो (गलाती २:१६)। अझ व्यवस्थाले भनेको अनुसार चलेर आफू असल छ भएर देखाउँदा मुक्ति पाइन्छ भनेर ढुक्क हुनेहरू श्रापमा पर्छन् भनेर पावलले जिकिर गर्दछन्। त्यो किनभने कोही पनि मानिस व्यवस्थालाई अझरस पालन गर्न सक्दैन, त्यसकारण त्यसलाई पालन गरेर मुक्ति पाइन्छ भन्ने असम्भव छ भनेर पावलले भन्दछन् (गलाती ३:१०)। पवित्र आत्माको बरदानले मात्र परमेश्वरका आज्ञाहरू पालन गरेर सुकर्म गर्न सक्दछन्।

"यदि मानिसले आफ्ना असल कामहरूद्वारा मुक्ति पाउन योग्यता हासिल गर्दैन भने त्यो मुक्तिको उपहार प्रसस्त अनुग्रहले मात्र

पाउने कुरो हो। येशूलाई विश्वास गरेर ग्रहण गरेमात्र पापी मानिसले अनुग्रह पाउन सक्दछ। काम गरेर होइन, त्यो अनुग्रह सित्तैमा पाइने गुण हो। येशूमा रहने मानिसको विश्वासले धर्मी ठहरिने भएको हुनाले त्यस कुरामा शङ्का गर्ने कुनै ठाउँ छैन। धर्मकर्म गरेर पापमा फसेको मानिसले मुक्ति पाउँछ भन्ने सबै विवाद अर्थहिन छ किनभने अनन्त जीवनलाई कहिलै पनि आफ्नो अथक प्रयासद्वारा प्राप्त गर्न सकिन्दैन।"- एलेन जी ह्वाइट, *फेथ एण्ड वर्कस्*, पृ. २०बाट रूपान्तरित।

**विभिन्न कारणहरूले गर्दा हामीले धर्मकर्म गरेर मुक्ति पाउने होइन तर परमेश्वरको प्रेमले मात्र मुक्ति पाउँछौं भन्ने महान् समाचारले हामीलाई कसरी हौसला प्रदान गर्दछ? जे हामी गर्दछौं त्यो परमेश्वरप्रतिको प्रेमले नै अभिप्रेरित भएर गर्ने होइन त?**

## ३. शैतानका मतियारहरूले पनि विश्वास गर्छन् रे (याकूब २:१९)

**यदि असल कामद्वारा हामीले हामीहरूको आस्थालाई देखाउन आवश्यक नभए के ले गर्दा हामीमा विश्वास छ भनेर देखाउने? परम्परामा चलेको अनुसार धार्मिक विश्वासहरू। यदि मैले जानेको अनुसार ठिक कुरामा विश्वास गरें भने मसँग धार्मिक आस्था वा विश्वास छ भनेर जनाउँछ, होइन त?**

**सत्य आत्माज्ञानलाई थाहा पाउन किन जरुरी छ भनेर देहायका पदहरूले के भन्दछन्? हेर्नुहोस्: २ कोरन्थी ४:२ "हामीले शर्मका र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं। हामी धूर्त काम गर्न वा परमेश्वरको वचनलाई हेरफेर गर्न इन्कार गर्छौं। तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं।", १ तिमोथी २:४ "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ।", याकूब ५:१९,२० "मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, २० त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ।", १ पत्रुस १:२२ "अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र**

**हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर।" र १ यूहन्ना ३:१८,१९ "यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड्स दिन सक्छौं। २० जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सब थोक जान्नुहुन्छ।"**

सत्य आत्मज्ञान महत्त्वपूर्ण छ भन्ने कुरामा कुनै प्रश्न छैन। तर मुक्तिको निम्ति ज्ञानमात्र भएर पुग्दैन। कतिले भन्लान् विश्वासमात्र भए पुग्छ केही गर्नुपर्दैन। तर बाइबल अनुसार निश्क्रिय विश्वास अर्थहीन हुन्छ भनेर बताएको पाउँछौं।

**सत विश्वास वा आस्थाको बारेमा भ्रामक सोच राख्नु खतरा छ भनेर याकूबले याकूब २:१९मा कसरी हामीलाई सतर्क गराएको छ? हेर्नुहोस्: "तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। शैतानका मतियार अर्थात् दुष्ट आत्माहरूले पनि विश्वास गर्छन् र थरथर काम्छन्।"**

पुरानो करारमा विश्वासको मौलिक वक्तव्य व्यवस्था ६:४मा यसरी दिइएको छः "हे, इस्राएलीहरू हो, सुन् ! प्रभु हाम्रो परमेश्वर हुनुहुन्छ। हाम्रो प्रभु एक हुनुहुन्छ।" (रूपान्तरित)। यहूदीहरूले यसलाई त मन्त्रको रूपमा लिन्छ भने पनि हुन्छ। यसलाई शेम (shem) भनिन्छ किनभने हिब्रू शब्द यसै शब्दबाट सुरु हुन्छ। यस पदले एकेइश्वरबादलाई स्पष्ट पारेको छ। बाइबलमा सिकाएका प्रत्येक शिक्षा यस महत्त्वपूर्ण सत्यबाट नै वहेको हुन्छ।

विश्वासमात्र गरेर पुग्दैन रे! शैतानका दूतहरू वा दुष्ट आत्माहरूले पनि परमेश्वरलाई विश्वास गर्छन्। परमेश्वरको बारेमा तिनीहरूलाई थाहा छ तर तिनीहरूको विश्वासले तिनीहरूलाई के फाइदा गर्छ र? परमेश्वरको सामु तिनीहरू थर थर काम्छन्। तिनीहरूको शिकारहरूलाई वा तिनीहरूले नियन्त्रण गरेका मानिसहरूबाट ती आत्माहरू निस्केर आउन येशूले आदेश दिनुहुँदा तिनीहरू थर थर काम्दै बाहिर निस्केका थिए (मर्कूस ३:११, मर्कूस ५:७)। हामीहरूको जीवनशैली वा आचरणलाई परिवर्तन नगर्ने विश्वास अर्थहीन हुन्छ। मानिसहरूलाई अनेकन् झुठा शिक्षा र बोलीहरूद्वारा धोका दिइरहन्दा पनि तिनीहरूले परमेश्वरमाथि विश्वास नै गरिरहेको

हुन्छ। गलत बाटोमा हिंड्न पनि विश्वासै गरेर चल्नु पर्छ। येशूको समयमा इस्राएलका कतिपय मानिसहरूले अशुद्ध र दुष्ट आचरणहरूलाई पकडि राख्न ती दुष्ट आत्माहरूले उक्साएका थिए। मानिसहरूको दिमागमा खराब कुराहरू तिनीहरूले घुसाएका थिए। "अन्तको समयमा कतिपय मानिसहरू परमेश्वरमाथिको आस्थालाई छोड्नेछन भनेर पवित्र आत्माले स्पष्ट रूपमा भनेका छन्। तिनीहरूलाई छलाउने आत्माहरूको पछि तिनीहरू लाग्ने छन्। शैतानका मतियारहरूले सिकाएका शिक्षाहरूलाई तिनीहरूले विश्वास गर्नेछन्।" (१ तिमोथी ४:१ रूपान्तरित)।

परमेश्वरमाथिको विश्वास वा आस्थालाई हामीहरूको जीवनले देखाउनुपर्दछ। नत्र भने केवल विश्वासमात्र गर्छु भन्ने ओठे बोलीले मानिसलाई मुक्ति दिंदैन। असल कामबाट परमेश्वरको महिमा गरेर नदेखाउने विश्वास शैतानका विश्वास हुन्। त्यस्ता खालका विश्वासले न त शैतान र उसका दुष्ट दूतहरूलाई मुक्ति दिँछन् न त हामीलाई।

## ४ परमेश्वरमाथि अब्राहमको अगाढ आस्था वा विश्वास (याकूब २:२१-२४)

**याकूबले याकूब २:२१-२४मा व्यक्त गरेका भावनाहरूसँग पावलका भावनाहरू तुलना गर्नुहोस्। अब्राहममा भएका विश्वासलाई ती पदहरूले कसरी वाख्या गरेका छन्? परमेश्वरको सामु ठिक वा निष्कलङ्क भएर उभिनुको अर्थ के हो? हेर्नुहोस्ः याकूब २:२१-२४ "हाम्रा पुर्खा अब्राहामकै बारेमा विचार गर। के उनले आफ्ना छोरा इसहाकलाई वेदीमा चढाउने काम गरेर परमेश्वरको अघि उनी ठीक ठहरिएका होइनन् र? २२ उनको विश्वास र काम सँगसँगै भएको थियो, अनि उनका कामहरूद्वारा कसरी उनको विश्वास पूरा भयो, सो तिमीहरू देख्दैनौ? २३ अब्राहामले परमेश्वरमाथि विश्वास गरे अनि त्यही विश्वासले गर्दा उनी परमेश्वरको अघि ठीक ठहरिए भनेर धर्मशास्त्रले भनेको कुरा पूरा भयो। यसरी अब्राहाम परमेश्वरका मित्र हुन् भनी भनिएको छ। २४ अब बुझ्यौ? विश्वासले मात्रै होइन तर उसले गरेको कामद्वारा मानिस परमेश्वरको अघि ठीक ठहरिन्छ।" र रोमी ४:१-५ "त्यसो भए हामी हाम्रा जातिका पुर्खा अब्राहामका बारेमा के भनौं? उनले के पाए?**

विश्वासले परमेश्वरको सामु ठीक ठहरिने सुविधा पाए। २ यदि उनले गरेका कुनै कामबाट परमेश्वरको सामु उनी ठीक ठहरिएका भए उनलाई घमण्ड गर्ने बाटो हुनेथियो। तर परमेश्वरको सामु उनीसँग घमण्ड गर्ने बाटो थिएन। ३ धर्मशास्त्रमा लेखिएको छ, "अब्राहामले परमेश्वरमा विश्वास गरे। उनको त्यही विश्वासले गर्दा परमेश्वरले उनलाई ठीक ठहराउनुभयो।" ४ काम गर्नेलाई ज्याला दिइन्छ। ज्याला दान होइन तर कमाएको कुरो हो। ५ कसैले धर्म-कर्ममा होइन तर दोषीहरूलाई निर्दोष ठहराउनुहुने परमेश्वरमा विश्वास गर्छ भने उसलाई परमेश्वरले आफ्नो सामु निर्दोष ठहराउनुहुन्छ। यसरी परमेश्वरले मानिसलाई विश्वासद्वारा निर्दोष र ठीक ठहराउनुहुन्छ।" र रोमी ४:२२-२४ "यही विश्वासले गर्दा नै अब्राहाम परमेश्वरको सामु ठीक ठहरिएका थिए। २३ यो परमेश्वरको सामु ठीक ठहराउने कुरा उनका लागि मात्र नलेखिएर २४ हाम्रा लागि पनि लेखिएको हो, जसले हाम्रा प्रभु येशूलाई मरेपछि पनि जीवन दिनुहुने परमेश्वरमा विश्वास गरेका छन्। यही विश्वासले गर्दा हामीहरू पनि परमेश्वरको सामु ठीक ठहरिएका छौं। २५ येशू हाम्रो पापको लागि मारिनुभयो अनि हामीलाई ठीक ठहराउन फेरि जिउँदो गराइनुभयो।"

याकूब र पावलले दुवैले उत्पत्ति १५:६लाई उद्‌ध गरेको रोचकै मान्नुपर्दछ। तर ती दुवैले त्यस पदलाई फरक निश्कर्षमा ल्याएको पाउँछौं। सक्रिय कामद्वारा अब्राहम धर्मी ठहरिएका थिए भनेर याकूबले भन्दछन् भने पावलले कामद्वारा होइन विश्वासद्वारा अब्राहम धर्मी ठहरिएको भनेर जिकिर गरेको देखिन्छ (रोमी ४:२,२४)। सतहमा हेर्दा ती दुई विश्वासका लौह पुरुषहरूको कुरा बाझिएको देखिन्छ।

तर हामीले रोमी ४ अध्यायलाई विस्तृत रूपमा हेऱ्यौं भने पावलको भनाई याकूब सम्मत भएको पाउँछौं। मुक्ति पाउन वा परमेश्वरको सामु धर्मी ठहरिन यहूदीहरूको धारणामा नसछेदन वा जन्मेको केही दिनको बालकको लिङ्गको टुप्पोको छालालाई काट्नु पर्छ भन्ने थियो। त्यही परम्परामा अन्य जातिहरू पनि समावेश हुनुपर्छ भन्ने यहूदीहरूको शिक्षा थियो। यहूदी जातिबाट बाहिरिएकाहरूले यदि मुक्ति चाहन्छ भने तिनीहरू पहिले यहूदी हुनुपर्छ र यहूदी संस्कारलाई पालन

गर्नुपर्छ भनेर तत्काल यहूदी इसाईहरूले पनि सिकाउँथे (रोमी ३:२८-३०)। परमेश्वरमाथिको आस्था वा विश्वासकै आधारमा अब्राहम धर्मी सावित भएको थियो भनेर पावलको भनाइ थियो। अब्राहमको नसछेदन भन्दा पहिले नै उनले परमेश्वरमाथि आस्था वा विश्वास राखेका थिए। तर उनले परमेश्वरमाथि अगाढ आस्था राखेको छ भनेर देखाउन पछि नसछेदन गर्न परमेश्वरले निर्देशन दिनुभएको थियो। बाहिरी जीवनको कामले उनी भित्री रूपमा आत्मपरिवर्तन भएका थिए भनेर उक्त कामले प्रमाणित गरेको थियो (रोमी ४:९-११)। तर नसछेदन वा कुनै धर्मकर्म काम गरेर मात्रै परमेश्वरको सामु हामी निश्कलङ्क वा धर्मी ठहरिन सक्दैनौं। "पुर्खा अब्राहमको विश्वासको कदममा चल्नेहरूमात्र **परमेश्वरको सामु धर्मी ठहरिन्छ।" (रोमी ४:१२ रूपान्तरित)** भनेर पावलले आफ्नो मनतव्य व्यक्त गर्दछन्।

सतहमा हेर्दा के पावलको भनाइसँग याकूब बाझिएको हो त? अब्राहमको विश्वासको प्रमाणलाई देखाउन याकूबले नै उद्‌ध गरेको पदलाई प्रस्तुत गर्दछन् (रोमी ४:१७-२१)। इसाहक मरे पनि परमेश्वरले उनलाई पुनर्जीवित पार्न सक्छ भनेर अब्राहमले विश्वास गरेका थिए किनभने मरेकाहरू र अस्तित्व नभएकाहरूलाई उहाँले जीवन दिएर ल्याउन सक्नुहुन्छ भन्ने कुरामा अब्राहम विश्वस्त थियो (रोमी ४:१७ रूपान्तरित)। (हिब्रू ११:१७-१९ले त्यस कुरालाई थप पुष्टि गर्दछ "परमेश्वरले अब्राहामको जाँच गर्नुहुँदा विश्वासकै भरमा अब्राहाम आफ्ना छोरा इसहाकलाई बलिदान गर्न तयार भए। परमेश्वरले अब्राहामलाई नै प्रतिज्ञा गर्नुभएको थियो, तर पनि अब्राहाम आफ्नो एउटै छोरालाई बलिदान चढाउन राजी भए। १८ परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थियो, “इसहाकबाट नै तेरो वंश बढ्नेछ।” १९ इसहाक मरे पनि परमेश्वरले बिउँताउन सक्नुहुन्छ भनेर अब्राहामले विश्वास गरे अनि साँच्चै एक किसिमले इसहाकलाई मृत्युबाट बिउँतेको जस्तै नै फेरि पाए।")। परमेश्वरले जे गर्नुहुन्छ त्यसमा उहाँ वचनवद्ध हुन सामर्थी हुनुहुन्छ भनेर विश्वास गर्नु नै मानिसलाई धर्मी ठहरिने वा मुक्ति दिने विश्वास हो भनेर पावल निर्धक्क भएका थिए (रोमी ४:२१)। संक्षेपमा भन्ने हो भने यदि हामीमा मुक्ति दिने विश्वास छ भने परमेश्वरले प्रतिज्ञा गर्नुभएको वचनमा उहाँ

वचनवद्ध हुनुहुन्छ भन्दै उहाँमाथि भरोसा राखी उहाँको वचन अनुसार चल्न हामी सहस्र राजी हुनेछौं। त्यस परिप्रेक्ष्यमा हामीले गर्ने काम धर्मकर्म वा व्यवस्थालाई रिझाउने नभएर परमेश्वरमाथिको आस्थाको फलस्वरुप भएको हुन आउँछ। त्यही कुरालाई मध्यनजर राखेर हामी हेऱ्यौं भने याकूबको भनाइसँग पावल नबाझिएको पाउँछौं। "अब्राहमको विश्वास र काम सँगसँगै गएको तिमीहरूले देखेका छौ। उनको कामबाट उनमा भएको विश्वास ओठे नभएर पक्का रहेछ प्रमाणित गर्दछ" (याकूब २:२२ रूपान्तरित)।

काम र विश्वास अत्यन्त महत्त्व छन् भनेर धेरैको भावना छ। तर काम र विश्वास वा आस्थालाई पनि केही हदमा अलग गराउन सकिन्छ। "पक्का विश्वासले प्रेमलाई जागरूत गराउँछ र विश्वासलाई सक्रिय बनाउँछ" (गलाती ५:६ रूपान्तरित)। असल वा परोपकारी काम गऱ्यो भन्दैमा कुनै मानिसमा परमेश्वरमाथि विश्वास छ भनेर प्रमाणित गर्छ भन्ने छैन। तर असल काम परमेश्वरमाथिको अगाढ श्रद्धा र विश्वासले परिचालित हुनुपर्दछ। (नभए त्यो कामले परमेश्वरको भन्दा आफ्नो भाऊ खोज्ने नियत देखाउन पनि सक्छ)। सारा जीवनका सृष्टिकर्तामाथिको अब्राहमको विश्वास, आस्था तथा श्रद्धाले परमेश्वरले अऱ्हाउनुभएको आफ्नो पुत्र इसहाकलाई बली चढाउन पनि उनी राजी भएका थिए। विश्वासलाई परिपक्व बनाउन वचन पालन गर्नुपर्छ भनेर याकूबको जिकिर थियो। **तपाईंको कामले तपाईंको विश्वासलाई कसरी प्रभावित पारेको छ?**

## ५. राहबको विश्वास (याकूब २:२५)

**"के परमेश्वरले राहब वेश्यालाई पनि उहाँको सामु धर्मी ठहऱ्याउनु भएन र? उनको काम अनुसार उनलाई असल ठहऱ्याउनुभएको थियो। उनले जासुसहरूलाई लुकाएकी थिइन। अनि पछि तिनीहरूलाई अर्कै बाटो भएर आफ्नो ठाउँमा फर्कन सघाएकी थिइन्।" याकूब २:२५ रूपान्तरित। विश्वासद्वारामात्र मुक्ति पाउँछ भन्ने कुरालाई मनमा राखेर राहबको बारेमा दिएको विवरण यहोशू २:१-२१ पढ्नुहोस्: "तब नूनका छोरा यहोशूले शित्तीमबाट दुई जना जासूसहरूलाई गोप्य तवरले पठाएर भने, "त्यस मुलुक र विशेष गरी**

यरीहोको भेद लिएर आओ। तिनीहरू गए, र राहाब नाउँ भएकी एक
वेश्याको घरमा आइपुगे, र त्यहीँ वास बसे। २ अनि कसैले यरीहोका
राजालाई यसो भनिदियो, "हेर्नुहोस्, इस्राएली वंशका मानिसहरू यस देशको
भेद लिनलाई आज राती यतातिर आएका छन्। ३ यसर्थ यरीहोका
राजाले राहाबकहाँ हुकुम पठाए, "तँकहाँ आएर तेरो घरमा पस्ने
मान्छेहरूलाई निकाली ले, किनकि सारा देशको भेद लिनलाई तिनीहरू
आएका छन्। ४ तर त्यस स्त्रीले ती दुई मानिसलाई लगेर लुकाएकी
थिई। त्यसले भनी, "हो, ती मानिसहरू मकहाँ आएका थिए, तर तिनीहरू
कहाँबाट आएका हुन् मलाई थाहा भएन। ५ साँझपख सहरको मूल
ढोका बन्द गरिने बेलामा तिनीहरू निस्केर गए। ती मानिसहरू कता
गए, मलाई थाहा छैन। झट्टै तिनीहरूका पछि गयौ भने तिनीहरूलाई
भेट्टाउनेछौ। ६ (तर त्यसले तिनीहरूलाई माथि कौसीमा लगेकी थिई, र
कौसीमा त्यसले मिलाएर राखेकी सनका डाँठहरूमुनि तिनीहरूलाई
लुकाइराखेकी थिई।) ७ खेद्ने मानिसहरूचाहिँ तिनीहरूलाई खेद्दै
यर्दनका जँघारहरू पुग्ने बाटोतिर लागे। तिनीहरूलाई खेद्नेहरू बाहिर
निस्कने बित्तिकै सहरको मूल ढोका बन्द भयो। ८ ती जासूसहरू सुत्न
अघि माथि कौसीमा त्यो स्त्री उक्लेर आई, ९ र त्यसले ती
मानिसहरूलाई भनी, "मलाई थाहा छ, यो देश परमप्रभुले तपाईंहरूलाई
दिनुभएको छ, र हामीहरूका बीच तपाईंहरूको कारण आतङ्क फैलिएको
छ, र यहाँका बासिन्दाहरू तपाईंहरूको भयले काम्न थालेका छन्। १०
तपाईंहरू मिश्रदेशबाट निस्केर आउनुहुँदा तपाईंहरूका सामुन्ने परमेश्वरले
लाल समुद्रको पानी सुकाइदिनुभएको र यर्दन पारिका एमोरीहरूका दुवै
राजा, सीहोन र ओगलाई तपाईंहरूले नाश गर्नुभएको पनि हामीहरूले
सुनेका छौं। ११ यो सुन्ने बित्तिकै हामी भयभित भयौं र तपाईंहरूको
कारण हामीहरू कसैमा साहस रहेन, किनकि परमप्रभु तपाईंहरूका
परमेश्वर नै माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर हुनुहुन्छ। १२
यसकारण अब म तपाईंहरूलाई बिन्ती गर्दछु, कि मैले तपाईंहरूमाथि दया
देखाएकी हुनाले मसँग परमप्रभुको शपथ खानुहोस्, मेरा परिवारप्रति पनि
दया देखाउनुहोस्। मलाई एउटा निश्चित चिन्ह दिनुहोस्, १३ कि
तपाईंहरूले मेरा आमा र बाबु, मेरा दाजुभाइ, दिदी-बहिनी र तिनीहरूका
जो-जति छन्, सबैलाई जीवित राखेर हाम्रा जीवनलाई मृत्युबाट

बचाउनुहुनेछ। १४ ती मानिसहरूले त्यसलाई आश्वासन दिए, "तिमीहरूका प्राणको सट्टा हाम्रा प्राण। हाम्रो यो काम कसैलाई भनिनौ भने परमप्रभुले हामीलाई यो देश दिनुभएपछि तिमीसँग हामी दया र विश्वासपूर्वक व्यवहार गर्नेछौं। १५ तब त्यसले तिनीहरूलाई झ्यालबाट डोरीको भरले तल ओह्लाली, किनभने त्यो बसेकी घर सहरको पर्खालमै थियो। १६ त्यसले तिनीहरूलाई भनी, "तपाईंहरू डाँड़ातिर जानुहोस्, नत्रता खेद्नेहरूले भेट्टाउलान्। खेद्नेहरू नफर्कुञ्जेल तीन दिन त्यहीं लुक्नुहोस्, अनि त्यसपछि तपाईंहरू आफ्नो बाटो लाग्नुहोला।१७ ती मानिसहरूले त्यसलाई भने, "तिमीले हामीलाई खान लगाएको शपथ यी कुरा नभएमा हामीमाथि लागू हुनेछैन। १८ हामी यस देशमा आउँदा जुन झ्यालबाट तिमीले हामीलाई ओह्लालेकी छ्यौ, त्यही झ्यालमा यो रातो डोरी बाँधिराख्नुपर्छ, र तिम्रा बाबु, आमा, दाजुभाइ र तिम्रा बाबुका सारा घरानालाई घरभित्र भेला गरेर राख्नुपर्छ। १९ जो तिम्रो घरबाट बाहिर सड़कमा निस्कन्छ त्यसको रगत त्यसैको शिरमा पर्नेछ, र हामी निर्दोष रहनेछौं। अनि जो तिमीसँग यस घरमा रहनेछ त्यसमाथि कसैको हात पऱ्यो भने त्यसको रगत हाम्रो शिरमा पर्नेछ। २० तर तिमीले हाम्रो यो कुरा प्रकट गऱ्यौ भने तिमीले हामीलाई खान लगाएको यो शपथबाट हामी स्वतन्त्र हुनेछौं। २१ त्यसले भनी, "तपाईंहरूले भन्नुभएबमोजिम नै होस्। अनि त्यसले तिनीहरूलाई बिदा दिई, र तिनीहरू गए, अनि त्यसले त्यो रातो डोरी झ्यालमा बाँधी।" जब यरिहो शहर इस्राएलीहरूले कब्जा गरे तब "२५राहाब वेश्या, त्यसका बाबुका परिवार र त्यससँग भएका सबै जनालाई यहोशूले बचाइदिए, किनभने यहोशूले यरीहोमा जासूसी गर्न पठाएका दूतहरूलाई त्यसले लुकाएकी थिई। अनि आजसम्म इस्राएलीहरूका बीचमा नै त्यो रहेकी छे।" (यहोशू ६:२५)

यरिहोका बासिन्दाहरूले परमेश्वरमा विश्वास गर्दैनथे भनेर हिब्रू ११:३१ले बताउँछ। तर प्रायजसो आधुनिक अनुवादहरूमा तिनीहरू अट्टेरि थिए भनेर अनुवाद गरिएको छ। मिश्र देशबाट मरुभूमिमा यात्र गरिरहेका इस्राएलीहरूको यशको बारेमा जानकारी थियो। तिनीहरूले मीडान र आमोर देशमाथि कसरी विजय प्राप्त गरे भन्ने समाचार पनि थाहा थियो। त्यसकारण तिनीहरूलाई इस्राएलका परमेश्वरको शक्तिको बारेमा राम्रैसँग थाहा थियो। बालपिअर भन्ने ठाउँमा परमेश्वरले

इस्राएलीहरूलाई गर्नुभएको न्यायिक कार्वाहीले यरिहोका मानिसहरूले उहाँको पवित्रताको बारेमा सिक्ने अवसर पाएका थिए। पाप, दुष्ट र मुर्तिपूजाप्रति परमेश्वर वाक्क हुनुहुन्छ भन्ने ज्ञान पनि तिनीहरूलाई थाहा थियो। "ती सबै घट्नाहरूको बारेमा यरिहोका बासिन्दाहरूलाई जानकारी थियो। कतिले त राहबको विश्वासमा आफूहरू सहमत भएका थिए, तर तिनीहरूले परमेश्वरको आज्ञालाई पालन गर्न अश्वीकार गरे।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ४९२बाट रूपान्तरित।

राहबको खराब आचरणले उनी बचेकी थिइन तर उनले सत्य परमेश्वरमाथि आस्था राखेकोमा उनी बचेकी थिइन्। यहोशूले पठाएका जासुसहरूलाई बचाएर उनले आफ्नो आस्थालाई सक्रिए बनाइकी थिइन्। ती जासुसहरूले राहबलाई आफ्नो झ्याल बाहिर रातो धागो लत्र्याउनु भनेर अऱ्हाएको निर्देशनमा पनि उनले विश्वास गरेका थिए। इस्राएलीहरू इजिप्तबाट बाहिर निस्कनु अघि परमेश्वरले पाठोको रगतलाई घरको ढोकामा छर्कनु भन्ने तिनीहरूलाई दिएको निर्देशनलाई राहबले पाएको निर्देशनले याद दिलाउँछ (प्रस्थान १२:२१-२४)।राहबको जीवन आचरणलाई शिद्ध नठानेतापनि परमेश्वरमाथि विश्वास आस्था उहाँले देखाउनुभएको अनुग्रह र क्षमाशीलताले गर्दा उनी विश्वासको नमूना बन्न पुगेकी थिइ। प्रत्येक मानिस परमेश्वरमा भरोसा राखेर चल्न राजी हुँदा उहाँले कस्तो सदाशय अपनाउनुहुन्दो रहेछ भनेर राहबको कथाले बताउँछ।

विश्वाससँग कामको सम्बन्ध कस्तो घनिष्ट छ भनेर याकूब २:२६ले कसरी बताउँछ हेर्नुहोस्: "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ।"

मानिसमा जीवनको प्राण भएन भने त्यो केवल मुर्दामात्र हुन्छ। त्यही अनुसार काम बिनाको विश्वास मुर्दा हो रे! पक्का विश्वास वा आस्था बिना कुनै काम वा परमेश्वरका आज्ञाहरू पालन गर्ने नीति बाहिर रूपमा ठिकै देखिएतापनि त्यो मरेतुल्य हुन्छ (हिब्रू ६:१, हिब्रू ९:१४)। मानिसको सामु परमेश्वरमाथि गहिरो आस्थाबिनाको काम असलै देखिएतापनि उहाँको दृष्यमा अर्थहिन हुन्छ।

परमेश्वरम आस्था राख्दा वेश्याले पनि मुक्ति पाइन् रे! तर विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने उदाहरण त्यो मात्र भएको भए मुक्तिको बारेमा गलत धारणा पनि त्यसबाट कस्तो निस्कन सकिन्छ? तर तपाईंको जीवनमा राहबको कथाले कस्तो आशा पल्हाइ दिन सक्छ?

**उपसंहारः**

**थप जानकारीः "जब स्वार्थ वा आफ्नो भाऊ खोज्ने प्रवृत्तिलाई त्यागदछन् तब तपाईंले नयाँ र अत्यन्त सुमधुर अनुभवहरू पाउन सक्नुहुन्छ। क्रुसको छहारीमा रहन्दा तपाईंले आफ्नो कमजोरीहरूलाई पहिल्याउन सक्नुहुनेछ। तब तपाईंले ख्रीष्टको शिद्धताको अनुभव गर्नुहुन्छ तब उहाँको तुलनामा तपाईंको स्वार्थ अर्थहीन भएको पाउनुहुनेछ।**

"जो मानिस ख्रीष्टको बारेमा आत्मज्ञान हासिल गर्छ तब उहाँ प्रेमिलो चरित्रको सिद्ध अनुकरणीय उदाहरण भएको उसले पाउनेछ। अनि उसको हृदय र दिमागमा उहाँको उदाहरणले गहिरो छाप पार्नेछ। उसको जीवनशैली वा चरित्रमा येशूको छाप देखाएको हुन्छ। उसको दिमागले उसको हृदयलाई प्रभाव पार्नेछ र उसको जीवनबाट येशूको चरित्रको प्रवाह गरिनेछ। तपाईंको आवश्यकतामा येशूतिर आउनुहोस्। जीवित विश्वास तथा आस्थामा प्रार्थना गर्नुहोस्। उहाँको शक्तिशाली हातलाई पकडेर राख्नुहोस्। विश्वास गर्नु होस्, केवल पक्का विश्वासले परमेश्वरको मुक्तिलाई तपाईले देख्नुहुनेछ वा अनुभव गर्नुहुनेछ। यदि तपाईं सिक्न चाहनुहुन्छ भने परमेश्वरले सिकाउनुहुनेछ। यदि परमेश्वरले तपाईंलाई दोऱ्याएको चाहनुहुन्छ भने उहाँले तपाईंलाई जीवित पानीको मुहानमा दोऱ्याउनुहुनेछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज टु साउथरन अफ्रिका, पृ. २६बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** मुक्तिको निम्ति ख्रीष्टको सिद्ध चरित्रमा भरोसा राख्नु किन जरुरी छ भन्ने ज्ञान पाउन याकूब २ अध्यायलाई सरसर्ती हेर्नुहोस्।

**आ.** कतिले भन्छन् याकूबले पावलसँग छलफल नै नगरि विश्वास र कामको बारेमा आफ्नो फरक धारणा राख्दछन्। याकूबकै दिमाग अनुसार हामीले उनको बिचारलाई मूल्याङ्कन गर्नुपर्छ भनेर कोहीले भन्लान्। तर याकूबलाई अलग गराएर विश्वास

र कामको बारेमा बेग्लाबेग्लै निश्कर्ष निकाल्नु किन गलत छ? विश्वास र कामको बारेमा अरू पदहरूले के भन्छ त्यो पनि थाहा पाउन किन जरुरी छ? खास गरेर सन् १४००देखि १७००सम्म रोमन क्याथोलिक मतका धर्मगुरूहरू याकूबको पुस्तकको आधारमा सुधारवादी इसाईहरूसँग विद्रोहमा उत्रिएका थिए। हामीहरूले कुनै एक पद वा उद्गारको आधारमा हामीहरूको विश्वासको जग बसाल्नुहुन्न तर अरू पदहरूलाई पनि हेरेर बसाल्नुपर्छ भन्ने कुरो किन महत्त्वपूर्ण छ, सो सोच्नुहोस्।

**इ.** विश्वास र कामलाई संतुलनमा राख्नुपर्छ भन्ने प्रायजसोले भनेको पाइन्छ। के त्यस बिचारसँग तपाईं सहमत हुनुभएको छ?

**ई.** इश्माएलको मामिलामा अब्रहाम असफल भएको र राहबले आफ्ना देशका मानिसहरूलाई गलत सूचना दिएको कुरामा न त याकूब न त नयाँ करारका कुनै लेखकहरूले आलोचना गरेको पाउँछौं। किन? मानिसको अधर्म वा कमजोरीलाई ख्रीष्टको धार्मिकताले कसरी छोपिन सक्छ भन्ने कुरालाई अब्राहम र राहबको मामिलाले कसरी बताउँछ?